Bouddhik Abhiyan: A Multidisciplinary Peer-reviewed Journal
Vol.VIII, Issue 1: PP 44-60, 2023, July
ISSN: 25050915 (Print)
DOI: https://doi.org/10.3126/bdkan.v8i01.57792
Nepal Progressive Professors' Association, Koshi Province, Nepal

---

# 'छ मायाँ छपक्कै' चलचित्रमा राजनीतिक सन्दर्भ

बाबुराम ओझा[1]*

[1]*उपप्राध्यापक (नेपाली), त्रि.वि., भोजपुर बहुमुखी क्याम्पस, भोजपुर*

* *इमेल : brobjp@gmail.com*

**लेखसार**

*छ माया छपक्कै' चलचित्रमा राजनैतिक सन्दर्भ' शीर्षकमा रहेका यस लेखमा सो चलचित्रमा भएको राजनैतिक सन्दर्भका विषयलाई केन्द्रित गरिएको छ । सन्दर्भ विश्लेषण सङ्कथन विश्लेषणको एक महत्वपूर्ण पक्ष मानिन्छ, जसका सहायताले कुनै पनि सङ्कथनात्मक पाठमा अन्तर्निहित विभिन्न अर्थहरू पत्ता लगाउन सहज हुन्छ । यस लेखमा 'छ माया छपक्कै' चलचित्रमा रहेको राजनैतिक सन्दर्भको अध्ययन गरी विश्लेषण गरिएको छ । लेख तयार पार्नका लागि विषयको सैद्धान्तिक विषयकाद्वित्तीयक सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ र विषयको विश्लेष्य प्राथमिक सामग्री 'छ माया छपक्कै चलचित्र' इन्टरनेटबाट सङ्कलित गरिएको छ । सामग्रीको विश्लेषणका लागि निगमन विधि र तथ्याङ्कको प्रस्तुतीकरणमा वर्णनात्मक विधि प्रयुक्त भएको छ । 'छ माया छपक्कै' चलचित्रको अन्तर्वस्तुमा प्रयुक्त समकालीन राजनैतिक सन्दर्भले विशेष राजनैतिक अर्थ बोकेका छन् । यस्ता सन्दर्भले खराब राजनैतिक संस्कार, सुशासनको अभाव, आर्थिक शोषण, नातावाद र कृपावाद तथा अपारदर्शी र भ्रष्ट कर्मचारीतन्त्र रहेको समकालीन राजनैतिक अवस्थालाई इङ्गित गर्छन् । यहाँका राजनैतिक सन्दर्भको मुख्य आशय समकालीन राजनैतिक सङ्क्रमणकालीन अवस्था र भ्रष्टाचरण, केन्द्रीकरणयुक्त शासन प्रणाली र यसका कारण भएको क्षेत्रीय विभेदको उद्घाटन गर्नु रहेको छ । यस्ता सन्दर्भले समकालीन राजनैतिक तरलता र खराब प्रजातान्त्रिक आचरणलाई प्रकाश्य पारेको छ ।*

*मुख्य शब्द :* सन्दर्भार्थ, राजनैतिक संस्कार, पुंजीवाद, उपभोक्तावाद, राजनैतिक तरलता, नोकरशाही

## परिचय

चलचित्र मूलभूत रूपमा नाटकजस्तै तर नाटकका तुलनामा प्राविधिक पक्ष पनि जोडिएको विशेष दृश्य कला हो । चलचित्र सामूहिक प्रयासको प्रतिफलन हुनाले यसमा लेखन, चरित्राङ्कन तथा निर्देशनका अतिरिक्त दृश्य प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । विश्वमा सन् १८९० का दशकमा चलचित्रको आरम्भ भएको भन्ने थम्पसन (१९९४) का भनाइलाई भट्टराई (२०६८, पृ. २४५) ले उद्धृत गरेका छन् । नेपाली चलचित्रको इतिहास साठी वर्षभन्दा कम रहेको भए पनि यसले छोटै समयमा कलासाहित्यका विविध चिन्तनको प्रवाहसँगै वर्तमान युगमा प्रवेश गरेको छ । आजका नेपाली चलचित्रले विषयगत विविधता र सामाजिक विविधतालाई समेट्दै हिजोको क्लासिकल चलचित्रीय अवधारणा समाप्त पारेको छ । 'छ माया छपक्कै' चलचित्रले यही नयाँ अवधारणा स्वीकार गरेको देखिन्छ ।

'छ माया छपक्कै' चलचित्रले समकालीन राजनैतिक स्वार्थ र खराब राजनैतिक संस्कारको पर्दाफास गर्दै सहमति र साझेदारीका राजनैतिक पद्धतिका विकासमा जोड दिएको छ । यहाँ रहेको नवीन विचारको प्रगतिशील जनवादी पार्टी र पुराना समयदेखि सत्तामा हालीमुहाली गरिरहेको प्रजातान्त्रिक शक्तिशाली पार्टीका बिचका खिचातानीका सन्दर्भले समकालीन राजनैतिक परिस्थितिलाई इङ्गित गर्छ । चलचित्रमा ग्रामीण परिवेशमा बाँचेका निम्नवर्गीय सुविधाहीन वर्गको वास्तविकता र राजनैतिक संस्कारले तिनमा पारेको प्रभाव तथा त्यसको परिणति चित्रित रहेको छ । यहाँ रहेका विविध राजनैतिक सन्दर्भहरू नेपाली राजनैतिक इतिहासका खास कालखण्ड अभिव्यक्त गर्नका लागि प्रयुक्त भएका छन् । यस आलेखमा सन्दर्भ विश्लेषणको खास प्रकार संज्ञानात्मक सन्दर्भमा आधारित रही नेपाली चलचित्र 'छ माया छपक्कै' मा निहित राजनैतिक सन्दर्भ र तिनमा निहित रहेको समकालीन अर्थको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### *अध्ययनको आवश्यकता र औचित्य*

सङ्कथन विश्लेषण पश्चिमी जगत्मा विकसित साहित्यको भाषावादी अध्ययन गर्ने नवीन चिन्तन हो भने सन्दर्भ विश्लेषण सङ्कथन विश्लेषणको महत्वपूर्ण पक्ष हो । यस लेखमा 'छ माया छपक्कै' चलचित्रमा प्रयुक्त राजनैतिक सन्दर्भ विश्लेषण गर्ने र ती सन्दर्भका माध्यमले चलचित्रमा रहेको राजनैतिक अवस्थाको टुङ्गो लगाउने मुख्य उद्देश्य रहेको छ । चलचित्रका विषयलाई लिएर अनुसन्धान गर्ने कार्य नेपाली भाषामा अत्यन्तै न्यून रहेको छ । राजेन्द्र सुवेदी, प्रकाश सायमी, लक्ष्मीनाथ शर्मा,

माधवप्रसाद ढुङ्गेलले चलचित्रसम्बन्धी पुस्तक लेखेका, धर्मराज पराजुली र वसन्तप्रसाद पौडेलले साहित्यको चलचित्रात्मक अध्ययनलाई लिएर अनुसन्धान गरेका र रमेशप्रसाद भट्टराईले सैद्धान्तिक रूपमा चलचित्र र यसका सौन्दर्यशास्त्रका विषयमा लेख लेखेका छन् । प्रदीप भट्टराईले समाज र चलचित्रको सम्बन्धका विषयमा कार्यपत्र तयार पारेका छन् । सङ्कथन विश्लेषणका सैद्धान्तिक मानक र यसको विश्लेषणका विषयमा देवीप्रसाद गौतमले अध्ययन गरेर विभिन्न लेख प्रकाशन गरेका छन् । यस विषयमा कृष्ण गौतम, माधवप्रसाद पौडेल र गोकुल पोखेल आदि लेखकले पनि अध्ययन गरेको र यस विषयमा विभिन्न विश्वविद्यालयबाट स्नातकोत्तर तहमा अनुसन्धान पनि भएको छ तर सङ्कथन विश्लेषणका मानकका आधारमा नेपाली चलचित्रमा प्रयुक्त अन्तर्वस्तुको व्यवस्थित अध्ययन अहिलेसम्म भएको छैन । नेपाली चलचित्रका कथ्यलाई सन्दर्भ विश्लेषणका अवधारणाका आधारमा अहिलेसम्म विश्लेषण नगरिएको हुनाले यस विषयमा अनुसन्धान रिक्तता रहेको स्पष्ट हुन्छ । यही रिक्तता पूरा गर्न यो लेख तयार पारिएको छ । सन्दर्भ विश्लेषणका आधारमा 'छ माया छपक्कै' चलचित्रमा रहेको राजनैतिक सन्दर्भको विश्लेषण गरी निष्कर्ष निकालिएको हुनाले यस लेखको औचित्य पुष्टि हुन जान्छ ।

***सैद्धान्तिक आधार***

सङ्कथन भनेको कुनै पनि पूर्ण र सार्थक भाषिक अभिव्यक्ति वा पाठ हो भने सङ्कथनको अध्ययन-विश्लेषणलाई सङ्कथन विश्लेषण भनिन्छ । सङ्कथन विश्लेषणलाई सन् १९६० का दशकमा स्थापित-विकसित पाश्चात्य भाषाविमर्शको परिणाम मानिन्छ । सङ्कथन विश्लेषणको प्रारम्भ र विकासका क्रममा संरचनावादी भाषाशास्त्रीहरूको विशेष देन छ । सङकथन विश्लेषणमा भाषिक पक्षको अध्ययनबाट मात्र पाठको अर्थ खुल्दैन, भाषाइतर सन्दर्भको पनि अध्ययन आवश्यक हुन्छ । सङ्कथन विश्लेषणमा गरिने यस्तो भाषिकका अलावा गैरभाषिक पक्षका अध्ययनलाई सन्दर्भपरक विश्लेषण भनिन्छ (गौतम, २०६८, पृ. ५७३)। त्यसैले सन्दर्भ विश्लेषणलाई सङ्कथन विश्लेषणको खास पक्ष मानिन्छ ।

सन्दर्भ भनेको भाषाका कुनै शब्दले अभिव्यक्त गर्ने भौतिक अर्थ हो । यो पाठमा प्रयुक्त भएको ज्ञानतत्व पनि हो ।  सन्दर्भ कुनै पाठमा प्रयुक्त अभिव्यक्तिसँग जोडिएको आन्तरिक आर्थी वा आशयगत पक्ष हो । यस्तो सम्बन्ध भौतिक र अभौतिक दुवै हुन सक्छ । कुनै पाठमा देखिएको खास सन्दर्भले प्रदान गर्ने अर्थलाई सन्दर्भार्थ भन्नु उपयुक्त हुन्छ ।। यस्तो अर्थ भाषिक एकाइको प्रयोगको कार्यपीठ, कालावधि र अवस्थाबाट प्राप्त हुन्छ । सन्दर्भार्थ भाषिक संरचनाको माध्यमले प्राप्त हुने होइन, भाषाको

सङ्केत सन्दर्भबाट पत्तो लाग्छ। सन्दभार्थ भाषाको सांरचनिकताबाट नभएर यसको प्रयोग पृष्ठभूमिबाट प्राप्त हुन्छ (यादव र रेग्मी, २०५८, पृ. २७७)। सन्दर्भ स्थानिक परिवेशका आधारमा स्थानीय र वैश्विक गरी दुई प्रकारका हुन्छन्। स्थानीय सन्दर्भ सञ्चारको समसामयिक अन्तर्क्रियात्मक अवस्थामा अडेको हुन्छ र वैश्विक सन्दर्भ सामाजिक, राजनैतिक, सांस्कृतिक र ऐतिहासिक संरचनाका रूपमा देखापर्छ (वाकर र एलिस, २०११, पृ. २१)। जे होस्, सङ्कथन विश्लेषण कुनै पाठमा प्रयुक्त भएको भाषा र यसले बोकेको सन्दर्भबिचका सम्बन्धको अध्ययनसँग सम्बन्धित हुन्छ (म्याक्कार्थी, ई.१९९१, पृ. ५)। कुनै पनि पाठको आन्तरिक तहमा यसको भाषिक पक्ष र बाह्य तहमा सामाजिक क्षेत्रका घटनाहरूको संयोजन रहेको हुनाले सङ्कथन विश्लेषणमा पाठको सन्दर्भ विश्लेषणको आवश्यकता हुन जान्छ।

सङ्कथनमा भाषा र सन्दर्भ गरी दुई पक्ष हुन्छन्। भाषामा टेकेर पाठका विविध सन्दर्भको खोजी गर्नु नै सन्दर्भ विश्लेषण हो। कुनै पाठको सन्दर्भ विश्लेषणका क्रममा उक्त पाठमा रहेको भौतिक पक्षको वाह्य सन्दर्भ र संज्ञानात्मक वा आन्तरिक सन्दर्भको खोजीनीति गरिन्छ (पौडेल र पोखेल, २०७१, पृ. ४०)। पाठको भौतिक सन्दर्भ भनेको सो पाठको स्थान, समय र परिस्थितिको परिणाम हो भने यसको संज्ञानात्मक सन्दर्भ भनेको पाठका अन्तर्तहमा रहेको ज्ञानात्मक पक्ष हो। पाठमा प्रयुक्त संज्ञानात्मक सन्दर्भार्थको खोजी पाठ विश्लेषणको मुख्य लक्ष्य भएको हुनाले पाठ विश्लेषणका रूपमा कृतिको वैज्ञानिक र पूर्ण विश्लेषण गर्न संज्ञानात्मक सन्दर्भको अध्ययन आवश्यकीय हुन्छ। राजनैतिक सन्दर्भ संज्ञानात्मक सन्दर्भको एउटा प्रकार विशेष हो। राजनैतिक सन्दर्भ भनेको पाठमा प्रयुक्त राजनैतिक सूचना र त्यसले द्योतन गर्ने राजनैतिक परिस्थितिजन्य अर्थ हो । राजनैतिक सन्दर्भले पाठनिर्माणको पृष्ठभूमिमा रहेको राजनैतिक व्यवस्था र त्यसले निर्माण गरेको परिवेशजन्य पक्षको जानकारी दिन्छ। त्यसैले संकथनात्मक पाठमा अन्तर्तहमा रहेको राजनैतिक अन्तर्वस्तु र आशय थाहा पाउन सो सङ्कथनात्मक पाठमा निहित रहेका राजनैतिक सन्दर्भहरूले सहयोग गर्छन्। साहित्यिक पाठमा प्रयुक्त राजनीतिविषयक सूचनाहरूको विश्लेषणद्वारा कुनै पनि पाठमा प्रयुक्त राजनैतिक परिवेश उद्घाटित हुन्छ भन्ने पौडेल र पोखेल (२०७१, पृ. ४७) को मत यहाँ अर्थपूर्ण हुन जान्छ। समकालीन समाजमा रहेको राजनैतिक संस्कार, राजनैतिक प्रणाली र त्यसले समाजमा राखेको राम्रो-नराम्रो दुवै प्रकारको छाप राजनैतिक सन्दर्भकै मद्दतले पत्तो पाइने हुनाले पाठमा निहित राजनैतिक सन्दर्भको अध्ययन महत्वपूर्ण हुन्छ।

## विधि र सामग्री

'छ माया छपक्कै' चलचित्रमा राजनैतिक सन्दर्भ' शीर्षकमा तयार पारिएको यो लेख सङ्कथनका स्थापित मान्यताका आधारमा निर्धारित पाठको विश्लेषण गरिएको गुणात्मक प्रकृतिको लेख हो । 'छ माया छपक्कै' चलचित्रमा प्रयुक्त राजनैतिक सन्दर्भहरू के कस्ता छन्  र तिनले कस्तो अर्थ बोकेका छन् भन्ने विषय नै यो लेख तयार पार्नका लागि रहेको मूल अनुसन्धान प्रश्न हो । यसै प्रश्नमा केन्द्रित रहेर नेपाली चलचित्रमा रहेका विविध राजनैतिक संज्ञानको विश्लेषण र तिनले प्रदान गर्ने समकालीन राजनैतिक सन्दभार्थ चिरफार गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत लेख तयार पार्न सामग्रीका सङ्कलनका लागि पुस्तकालयका प्रयोगबाट सङ्कथन र सन्दर्भ विश्लेषणका सैद्धान्तिक सामग्रीको सङ्कलन गरिएको छ । यस्ता सामग्री सबै द्वित्तीयक सामग्री रहेका छन् । यहाँ विश्लेष्य चलचित्र युट्युवबाट लिइएको छ । सन्दर्भ विश्लेषणका सैद्धान्तिक पक्षका अङ्ग्रेजी भाषाका पुस्तक र लेख आदिको खोजी गुगलबाट गरिएको छ । चलचित्रको राजनैतिक सन्दर्भ विश्लेषणका क्रममा सन्दर्भ विश्लेषणका स्थापित र सामान्यीकृत मान्यताका आधारमा विषयको विश्लेषण गरिएको हुनाले यहाँ गरिएका सामग्रीका विश्लेषणमा निगमनात्मक विधि प्रयुक्त रहेको छ । यहाँ विश्लेष्य चलचित्रलाई सन्दर्भ विश्लेषणका मूलभूत मान्यताका आधारमा वर्णन र विश्लेषण गरिएको हुनाले लेख प्रस्तुतीकरणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

सन्दर्भ विश्लेषणका मान्यताका आधारमा विश्लेष्य चलचित्रको राजनैतिक सन्दर्भार्थको खोजी यस लेखमा अध्ययनको सीमा हो । यहाँ सङ्कथनात्मक सन्दर्भका दुई मुख्य प्रकारमध्ये भौतिक सन्दर्भलाई नलिई, संज्ञानात्मक सन्दर्भको एउटा प्रकार राजनैतिक सन्दर्भलाई मात्र विश्लेषण गरिएको छ । यहाँ 'छ माया छपक्कै' चलचित्रलाई मात्र विश्लेषण सामग्रीका रूपमा लिएर सो चलचित्रमा रहेको राजनैतिक सन्दर्भ र त्यसमा अन्तर्निहित अर्थको खोजी गरिएको छ । सामग्रीको विश्लेषणका लगि विश्लेष्य चलचित्रबाट कथ्य संवादका अंशलाई प्रतिनिधि उदाहरणका रूपमा लिइएको छ । लेखको लघु परिसीमाका कारण यहाँ मुख्य राजनैतिक सन्दर्भ र तिनले अभिव्यक्त गरेको राजनैतिक परिस्थितिलाई मात्र विश्लेषण गरिएको छ ।

## परिणाम रछलफल

राजनैतिक सन्दर्भ भनेको कुनै पाठमा रहेको राजनैतिक जानकारी वा भाषिक सूचनात्मक अभिव्यक्ति र त्यसले अभिव्यक्त गर्ने राजनैतिक अवस्था र गतिविधिसम्बन्धी अर्थ हो । पछिल्ला दुई

दशकमा नेपाली चलचित्रमा कथावस्तु तथा पात्रीय अवधारणामा परिवर्तन आएको छ । रङ्गमञ्चका कथाकारहरूको उपस्थिति, हास्यप्रधान विषयको प्रवेश तथा आर्य मूलका नायकको बाहुल्यका सट्टा मङ्गोल, मधेसी तथा मुस्लिम नायकहरूका आगमनले चलचित्रमा नयाँपन ल्याएको छ । नेपाली चलचित्रको मूल केन्द्र अहिले नेपाल नै रहेको छ । विगतमा हुने भारतका दार्जिलिङ तथा सिक्किम नेपाली चलचित्रको केन्द्र फेरिएको छ (सुवेदी, २०७९)। यसका साथका चलचित्रका कथ्यमा पनि विभिन्नता देखिन्छ । यही क्रममा चलचित्रले समकालीन राजनैतिक गतिविधिलाई चित्रण गर्न सुरु गरेको छ । चलचित्र निर्माण र अध्ययनको वर्तमान पद्धति पुराना पद्धतिभन्दा बिल्कुल पृथक रहेको छ । “अहिलेको चलचित्रले जीवनका विविधताको खोजी गरेको छ र हिजोको प्रेम, जादु तथा दैहिक विषयमा केन्द्रित चलचित्रका विरुद्धका समानान्तर धारका चलचित्रका निर्माणमा जोड दिएको छ” (भट्टराई, २०६८, पृ. २५८) । त्यसैले वर्तमानमा निर्मित चलचित्रले सामाजिक जीवनको गतिविधि नियाल्छ र यसले सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा रहेको समकालीन व्यवस्थाको पनि चित्रण गर्छ । यस क्रममा पछिल्ला समयका नेपाली चलचित्रहरूमा राजनैतिक विषयवस्तुले मुख्य कथ्यका रूपमा प्रविष्टि पाउन थालेको छ । ‘छ माया छपक्कै’ नेपाली चलचित्र यसका बलिया प्रमाणका रूपमा देखापर्छ ।

‘छ माया छपक्कै’ तत्कालीन राजनैतिक परिदृश्यको चित्रण गर्ने चलचित्र मानिन्छ । यस चलचित्रको नायक राजनैतिक दृष्टिले प्रशिक्षित युवा भएको हुनाले यहाँका कथ्यमा राजनीतिका विविध सन्दर्भहरू प्रयुक्त भएका छन् । यहाँ नेपालमा कम्युनिष्ट पार्टीको क्रान्तिकारी चरित्र र त्यसकारण जनतामा परेको दुवै प्रकारको प्रभाव पनि सन्दर्भ रहेको छ । ‘छ माया छपक्कै’ चलचित्रमा कञ्चनपुरको घडेरी गाउँको कथावस्तुमाथि गाउँमा भएको खानेपानीको अभाव र राजनैतिक दलहरूको खिचातानीको विषय प्रस्तुत गरिएको छ । यस चलचित्रको मुख्य कथ्य राजनैतिक विषयले निर्मित भएको छ । चलचित्रमा केही सामाजिक र मायाप्रेमका विषय पनि छन् तर तिनको भूमिका सहायक र कतै गौण रूपमा रहेको हुनाले राजनैतिक विचार र त्यसले निर्माण गरेको सामाजिक तथा आर्थिक अवस्थाभित्र यस चलचित्रको मुख्य कथानक गुम्फित रहेको छ । यस क्रममा चलचित्रमा आएका राजनैतिक सन्दर्भहरूले समकालीन राजनैतिक अवस्थाका विविध पक्षलाई उजागर गर्छन् ।

संवाद उद्देश्यपूर्ण भाषा हो । संवादमार्फत् चलचित्र वा नाटकमा कथानकमा गति र नाटकीयता आउने, सारवस्तुको अभिव्यक्ति गर्ने गरिन्छ । चलचित्र ललितकलाको श्रव्यदृश्य विधा भएकाले यसको संवाद पनि केही विशिष्ट प्रकृतिको हुन्छ । अभिनेता-अभिनेत्रीहरूको आवाज र तिनीहरूका हाउभाउले

चलचित्रको संवाद प्रभावित हुन्छ (ढुङ्गेल, २०६७, पृष्ठ ४८) । 'छ माया छपक्कै' चलचित्रमा प्रयुक्त पात्रहरूका संवादमार्फत राजनीतिक सन्दर्भहरू अभिव्यक्त भएका छन् र तिनले समसामयिक राजनीतिक दृष्टिकोण प्रतिबिम्बन गर्छन् । यहाँ विभिन्न संवादमूलक सन्दर्भ-साक्ष्यका आधारमा चलचित्रमा भएका राजनैतिक सन्दर्भलाई अर्थ्याइएको छ ।

### *'छ माया छपक्कै' चलचित्रको मुख्य कथ्य*

'छ माया छपक्कै' चलचित्रको विषयवस्तु कञ्चनपुरको घडेरी गाउँस्थित भौगोलिक संरचना र राजनैतिक स्वार्थमा केन्द्रित रहेको छ । घडेरी गाउँ र त्यहाँको क्रान्तिकारी राजनैतिक विचार अनि पारिपट्टि रहेको टोड्के गाउँ र त्यहाँको प्रजातान्त्रिक राजनीतिक विचारबिच भएका द्वन्दले यस चलचित्रको कथ्य निर्माण भएको छ । घडेरी गाउँमा आफ्ना बाबुको क्रान्तिकारी विचारका प्रशिक्षणबाट सुरु भएको नायक बिपी पौडेलको बाल्यकाल क्रान्तिकारी कम्युनिष्ट अवधारणालाई अघि बढाउँदै युवा र प्रौढ अवस्थामा पुग्छ । गाउँमा कुनै तरिकाले खानेपानीको व्यवस्था हुन सकेको छैन । प्रजातान्त्रिक शक्तिशाली पार्टीको वर्चस्व रहेको टोड्के गाउँमा खानेपानीको पर्याप्त स्रोत छ तर राजनैतिक कारणले घडेरी गाउँलाई पानी दिन उनीहरू मन्जुर छैनन् । पानी दिनुपरे आफूलाई भोट आउनुपर्ने सर्त राख्छन् तर घडेरी गाउँका कामरेडलाई यस्तो ससर्त सुविधा अमान्य हुन्छ र यस बिचमा दुवै गाउँका नेताहरूको जुहारी चलिरहन्छ । टोड्के गाउँका नेताकी छोरी जलसँग नायक बिपीको प्रेमसम्बन्ध हुन्छ, अनेकौं उतारचढाव आउँछन् तर घडेरी गाउँमा पानी भने पुग्दैन । संसदीय निर्वाचनका बेलामा प्रजातान्त्रिक शक्तिशाली पार्टीका नेताहरूले घडेरी गाउँको भोट आफ्नो भागमा पार्न प्रयास गर्छन् । प्रगतिशील जनवादी पार्टीमा पनि नेता कामरेडका योगदानको कदर हुँदैन । सांसदको टिकट कामरेडलाई नदिई चुनावी तालमेलको बहानामा कुनै वृद्ध र अशक्त उम्मेदवारलाई दिइन्छ । यता बिपी पौडेलले आफ्नी प्रेमिकाको समेत सहयोगले पिउने पानी नपाएसम्म भोट नदिने भनी निर्वाचन बहिष्कारको घोषणा गर्छन् । अन्त्यमा दुवै पक्षबीच घडेरी गाउँलाई पानी दिने सहमति हुन्छ र निर्वाचन सुचारु हुन्छ । निर्वाचनपश्चात् घडेरी गाउँले बुहारी र पानी दुवै कुरा प्राप्त गरेपछि चलचित्रको कथा टुङ्गिन्छ ।

### *'छ माया छपक्कै' चलचित्रको मुख्य राजनैतिक सन्दर्भ*

चलचित्रमा रहेका राजनैतिक सन्दर्भ र तिनले अर्थ्याएको राजनैतिक गतिविधि, आचरण वा घटनाक्रमलाई मुख्य सन्दर्भसाक्ष्यका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

**सन्दर्भसाक्ष्य १ :कामरेडको सपना-निर्वाचनमा प्रगतिशील जनवादी पार्टीको विजय र विजय सभा**

*बिपी -(विशाल जनसभालाई सम्बोधन गर्दै) आदरणीय जनसमुदाय, बाह्र बर्से गौरवशाली क्रान्तिको जगमा उभिएर जुन खालको परिवर्तन हामीले आत्मसात् गरेका छौँ, जुन खालको छलाङ मारेका छौँ, यो पनि ऐतिहासिक उपलब्धि हो भन्ने हामीलाई लागेको छ ।*

*कामरेडकी श्रीमती-(कामरेडलाई आँखा चिम्लेर अभिवादन गरिरहेको देखेर छक्क पर्दै) कामरेड !*

*कामरेड- (आँखा बन्द गरेर लाल अभिवादन गरिरहेको अवस्थ झस्किँदै)...मौन...*(लामा, २०७४) ।

**सन्दर्भ विवरण र अर्थ :**नेपालका प्रतिनिधि सभाका निर्वाचनबाट प्रगतिशील जनवादी पार्टीका नेता श्री बिपी पौडेलले जम्मा २०,३०० मत ल्याई विजयी भएको समाचार रेडियोबाट प्रसारण भएको छ । विजयी पौडेलले विजय सभामा सम्बोधन गर्ने क्रममा नेपालमा गौरवशाली क्रान्ति र त्यसको जगमा उभिएर भएको आफ्ना पार्टीको विजयलाई ऐतिहासिक उपलब्धि मानेका छन् । छोराले सभालाई सम्बोधन गर्दै मुट्ठी कसेर अभिवादन गरेका कल्पनामा कामरेड (कुलप्रसाद) ले उसैगरी अभिवादन फर्काएका छन् । यो उनको सुन्दर सपना मात्र हो । कामरेडलाई श्रीमतीले 'कामरेड' भनेर बोलाएपछि मात्र उनी वास्तविकतामा आउँछन् । नेपालका प्रतिनिधि सभाको निर्वाचन र यसको मत परिणाम जनाउने यस सन्दर्भमा बाह्र वर्षे गौरवशाली क्रान्ति, ऐतिहासिक उपलब्धि, छलाङ र कामरेड गरी चारवटा सन्दर्भसूचक पद तथा पदावली आएका छन् । यो सन्दर्भ नेपाली राजनीतिका निम्न कुराहरू अर्थ्याउन प्रयुक्त भएको छ :

(१) नेपालमा एक दशक लामो जनयुद्धपछि शान्ति प्रक्रियामा आएको नेकपा माओवादी संविधान सभाका पहिलो निर्वाचनमा नेपालको पहिलो ठूलो पार्टी बन्नुलाई सो पार्टीका नेताहरूले ऐतिहासिक उपलब्धि मानेका थिए र नेपालमा माओवादी पार्टीको लोकप्रियता र सुन्दर भविष्यको आकलन पार्टीभित्र र आम जनताबाट पनि गरिएको थियो । कामरेडको लक्ष्य र आफ्नो छोरो विजयी भएका सपनाले गरेको सन्दर्भ सङ्केत नेपालमा कम्युनिष्ट पार्टीले देखेको नयाँ नेपालको सपना र दोस्रो पुस्तासम्म पनि निरन्तर जनतामा लोकप्रिय भइरहने अधिकल्पनाको प्रतिच्छाया हो ।

(२)गौरवशाली क्रान्तिले नेकपा माओवादीले गरेको १० वर्ष लामो सशस्त्र विद्रोहलाई बुझाउँछ भने विस्तृत शान्तिसम्झौता र वि.सं २०६४ सालमा सम्पन्न पहिलो संविधान सभाका निर्वाचनसम्मका समयलाई १२ वर्षे गौरवशाली क्रान्ति भनिएको हो ।

**सन्दर्भसाक्ष्य २ : गाउँमा सम्पन्न गर्ने आमसभाका लागि विद्यार्थीद्वारा चन्दा सङ्कलन**

*साहूजीः धन्दा भएको छैन केको चन्दा ? छैन चन्दावन्दा ।*

*बिपी : साहूजी हामीहरू सबै विद्यार्थी हौँ । गाउँमा एउटा कार्यक्रम हुनेवाला छ, त्यसको लागि चन्दा लिन आको । विचार गरेर बोल्नुहोला ।*

*साहूजी : विद्यार्थी ! (सबैको अनुहार हेरेर) प्रौढ शिक्षा हो* (लामा, २०७४) ?

**सन्दर्भ विवरण र अर्थ :**गाउँमा प्रगतिशील जनवादी पार्टीको आमसभा आयोजना गर्नका लागि आर्थिक व्यवस्थापनको जिम्मा युवा कामरेडहरूलाई दिइएको छ । उनीहरूले सहरमा व्यापारीहरूसँग चन्दाका रूपमा उठाउने सहयोग रकम स्वैच्छिक होइन, दवावमा उठाइएको छ । चन्दाका उठाउन आएका दाहीजुँगा पलाएका र उमेर गइसकेका युवाहरूलाई साहूले प्रौढ शिक्षाको विद्यार्थी हो भनेर व्यङ्ग्यात्मक प्रश्न गरेको छ । साहूले सुरुमा चन्दा दिन इन्कार गर्छ तर विद्यार्थीहरूको धम्कीपछि मोटै रकम चन्दा दिन्छ । माथिका संवादमा चन्दा, विद्यार्थी, कार्यक्रम, विचार गरेर बोल्नुहोला र प्रौढशिक्षा यहाँ मुख्य सन्दर्भ सूचकका रूपमा आएका छन् । आमसभा र रकम सङ्कलनसम्बन्धी यस सन्दर्भले समकालीन नेपाली राजनीतिका निम्न कुराहरूलाई स्पष्ट पार्छ :

(१)नेपालमा राजनैतिक पार्टी जनताको स्वैच्छिक सहयोग र करकापयुक्त चन्दा दुवैले चल्छन् । अझ बाम पार्टीहरू आर्थिक सहयोग सङ्कलन गरेर आआफ्ना कार्यक्रम सम्पन्न गर्छन् । जनताबाट भएको आर्थिक सङ्कलनकै भरमा राजनैतिक गतिविधि सञ्चालन गर्ने पार्टीहरू र तिनका भातृसङ्गठनहरूको यस्तो कार्य साठीको दशकमा नेपाली समाजमा आलोच्य बनेको थियो ।

(२) राजनैतिक पार्टीले आआफ्ना विद्यार्थी सङ्गठनलाई हतियार बनाएको, तर उनीहरूका भविष्यका बारेमा पार्टीहरूले नसोचेको हुनाले नेपालका सबैजसो माउपार्टीहरू विगतदेखि नै उपभोक्तावादी र अदूरदर्शी भएका छन् ।

(३) नेपालमा विद्यार्थी राजनीतिको अवस्था भिन्न खालको छ । यहाँ विद्यार्थी हुनका लागि उमेरको हद नभएको कारण जीवनका उत्तरार्द्धमा पनि विद्यार्थी राजनीति गरिरहेको हुनाले उनीहरू साँच्चै कलेजका विद्यार्थी हुन् वा प्रौढ शिक्षाका विद्यार्थी हुन् भन्नेमा द्विविधा छ । विभिन्न राजनीतिक दलका भातृसङ्गठनका केन्द्रीय पदाधिकारीहरू र सङ्गठनका कार्यकर्ताहरूको यसका प्रमाण हुन् । नेपालका विद्यार्थी राजनीतिको परिचय यही हो ।

**सन्दर्भसाक्ष्य ३ :टोड्के गाउँमा घडेरी गाउँका युवालाई तह लगाउने र चुनावसम्बन्धी संवाद**

*छोरा :उताका बामेहरू बौलाइसके मितबा । अस्ति पानीका लागि निहुँ खोजे, हिजो त्यहाँनेर निहुँ खोजे, जहाँ भेट्यो त्यही निहुँ खोजिरा'का छन् । यिनीहरूको उपचार नगरी भा'छैन मितबा ।*

*मितबा : बल हैन, बुद्धि लाउनुपर्छ छोरो । यिनीहरूलाई चलाएर के गर्ने ? भएभरका कामरेडहरू ओइरिएर आउँछन् । यिनीहरूका गाउँबाट भोट नआएर तीनतीनवटा चुनाब हारिसकेँ । जहिल्यै पनि सय डेडसय भोटले हारिन्छ । पार्टी आफ्नो सरकारमा छ, मन्त्री बन्न सकिएन । अब धेरै नै निहुँ खोजे भने जाक्न लाउँछु म । यसपालिको चुनाव चै जसरी भए नि जित्नुपर्छ । अनि त आफैँ तह लाग्छन्* (लामा, २०७४) ।

**सन्दर्भ विवरण र अर्थ :**बामपन्थी विचारधाराका मानिसहरूको बहुमत रहेको घडेरी गाउँका मानिसहरूको चरित्र क्रान्तिकारी र आर्थिक अवस्था निम्न स्तरको छ भने टोड्के गाउँका मानिस तुलनात्मक रूपमा सम्पन्न छन् र राज्यका सुविधाहरू भोगेर रवाफमा रहेका छन् । घडेरी गाउँका विपक्षी बामेहरूलाई उपचार गर्नका लागि गाउँले अध्यक्षका छोराले मितबा (पार्टीको केन्द्रीय नेता)लाई अनुरोध गर्छ । कामरेडहरूका सङ्गठितताको सङ्केत गर्दै चुनावका बेलामा चलाउन नहुने र पछि सरकारलाई भनेर जेलमा कोच्न लगाउने मितबाको राय रहेको छ । “राज्यको चरित्र जहिल्यै पनि निरंकुश हुने हुनाले उसले जनताका आवाजहरू दमन गर्न खोज्छ” (के.सी., २०७८) । राज्यमा भएका नीतिनियम र प्रशासनका संयन्त्र दमनकारी शक्तिको पक्षमा बनेका हुन्छन् भन्ने ग्राम्सी (१९७१) को मत रहेको छ (भान डाइक, ई. २००१, पृ. ३५५) माथिको संवादमा बामपन्थी राजनैतिक विचारमार्गीहरूको क्रान्तिकारी चरित्र र गैरबामपन्थीहरूको राज्यसंरक्षित यही कुटिल र दमनकारी चरित्र स्पष्ट हुन्छ ।यहाँ एकातिर प्राकृतिक साधनमा पहूँच नभएका कारण बामपन्थीहरू आक्रोशित छन् भने सरकार तथा शक्तिको प्रयोग गरेर विपक्षीलाई ठेगान लगाउने तर चुनावका बेला आफ्नो राजनैतिक अभीष्ट सिद्धि गर्न नरम बन्ने पूँजीवादीहरू कुटिल छन् । यस संवादमा बामे, उपचार, तीनतीनवटा चुनाव, सय डेडसय भोट, आफ्नो पार्टीको सरकार मन्त्री बन्न नसक्नु र जाक्न लाउनु जस्ता सन्दर्भसूचक पद तथा पदावली प्रयुक्त छन् । माथिका संवाद सन्दर्भले निम्न कुरा स्पष्ट पार्छ :

(१) नेपालमा पूजीवादी विचार र संस्कारले जनवादी चेतनालाई एकाकी र पक्षपाती दृष्टिले हेर्थ्यो-हेर्छ । यसले कम्युनिष्ट चरित्रलाई आक्रोशित र उदण्ड र नकारात्मक रूपमा लिन्छ । विगतमा

कम्युनिष्टहरूले देश र जनताका लागि गरेका क्रान्तिलाई हल्काफुल्का रूपमा लिने र समाजमा सामन्तवादी अवशेष बोकेका मानिसहरूले कम्युनिष्ट कार्यकर्तालाई असभ्य, उदण्ड, गँवार, पाखे र बामे भनेर होच्याउने गरेको कुराको प्रतिबिम्बन यहाँ देखिन्छ ।

(२) पूँजीवादी पार्टीले चुनावलाई रणनीति बनाएर सत्तामा बसिरहेको विगतको यथार्थ र सरकार गठन भएपछि विपक्षलाई दबाएको विषय यहाँ सङ्केतित भएको छ । तीनतीनवटा चुनाब भनेर नेपालमा २०४६ सालको बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछिको तीनवटा निर्वाचनलाई भनिएको हो । संवादमा आफ्नो पार्टीको सरकार बन्दासमेत चुनाव हारेको कारण मन्त्री बन्न नपाएका नेताहरूको सार्वजनिक रोदन समेत प्रतिबिम्बन भएको छ ।

**सन्दर्भसाक्ष्य ४: खानेपानीको माग गर्दै भएको चुनाब वहिष्कार आन्दोलन**

***साक्ष्य ४ (क)*:** घडेरी गाउँका युवाहरू नाराजुलुस 'काकाकुल पानी दे' भनेर नारा लगाइरहेका छन् ।

*प्रहरी अधिकृत : भोट नहाल् भनेर उचाल्नु अपराध हो, तपाईं अपराध गर्दै हुनुहुन्छ ।*

*बिपी :राज्यले पच्चिस-तीस वर्षदेखि उपेक्षा गरेर काकाकुल बनाइरहेको छ हामीलाई, त्यो अपराध हैन ? दलहरूले प्रत्येक चुनावमा पानी आउँछ, पानी आउँछ भनेर ढाँटिरहेका छन् हामीलाई, त्यो अपराध होइन* (लामा, २०७४)?

***साक्ष्य ४ (ख)* :** घडेरी गाउँका युवाहरूको नारा जुलुस भएको स्थानमा जनवादी पार्टीका केन्द्रीय अध्यक्ष र कामरेड (कुलप्रसाद) को संवाद

*पार्टी अध्यक्ष : तपाईंजस्तो सिद्धान्तवादी नेताको घरमा साह्रै कपूत छोरा जन्मेछ । हिड्नुस्, भोट हाल्नुस् ।*

*प्रहरी : नेताज्यू जाऔँ, हिड्नुस् हामीसँग ।*

*कामरेड : मलाई नेता नभन्नुस् । म नेता होइन । नेताको पछाडि त जनता हुनुपर्छ । मेरो पछाडि जनता छैन । (बिपीलाई देखाएर) जनता त यसका पछाडि छन् । मैले जिन्दगीभर यो गाउँ र गाउँको विकासको लागि भनेर अन्धभक्त भएर पार्टी समातेँ । (बिपीलाई देखाएर) यसले जनता समात्यो । त्यसैले म गर्वका साथ भन्छु आजका दिनमा म नेता होइन, मेरो छोरो नेता हो । तपाइँले ठीक भन्नु भो । यो कपूत हो । यसले पार्टीको झन्डा छोडेर जनताको समस्या समात्यो । यो कपूत हो भने यस्ता कपूत हरेकका घरमा जन्मिऊन्* (लामा, २०७४) ।

*ओझा, २०२३, छ माया छपक्कै...*

**सन्दर्भ विवरण र अर्थ :**माथिका दुई संवादमा बिपीले युवाहरूका साथ गरेको **नो भोट**को नेतृत्वमा र बिपीको राजनैतिक दलप्रतिको आक्रोश र कट्टरवादी वामपन्थी नेताको सामयिक चिन्तन रहेको छ। कामरेडका छोराले नो भोटको नेतृत्व रहेको छ। गाउँमा भएको राजनैतिक खिचातानी, साधन र स्रोतमा भएको एकलौटी एकाधिकारका विरुद्धमा उनीहरूको सङ्घर्ष रहेको छ।जनवादी पार्टीका केन्द्रीय अध्यक्षले पार्टीप्रति गद्दारी गरेको र निर्वाचनका विरोधमा उत्रिएको भनेर बिपीलाई कपूत भनेको छ भने कामरेडले पार्टीको कोरा सिद्धान्त छोडेर जनताको समस्या लिएर सङ्गठन गर्ने बीपीलाई वास्तविक नेता मानेको छ। यहाँ राज्यले उपेक्षा गर्नु, सिद्धान्तवादी नेता, अन्धभक्त भएर पार्टी समात्नु, पार्टीको झन्डा छोडेर जनताको समस्या समात्नु जस्ता सन्दर्भसूचक पदावली प्रयुक्त भएका छन्। यस सन्दर्भले निम्न कुरालाई प्रतिबिम्बन गर्छ :

(१) सत्तासीन पार्टीका कार्यकर्ताले एकलौटी रूपमा साधन र स्रोतको उपयोग गरिरहेका छन्। नेतृत्वले चुनावका बेलामा जनतालाई दिएका बाचा पूरा गरेको छैन। जनतामा यसप्रतिको आक्रोश र विद्रोह रहेको छ। नेपालको राजनैतिक इतिहासमा पछिल्ला कालखण्डमा कतिपय राजनैतिक दलले गरेको चुनाव वहिस्कारको विषयतिर यो सन्दर्भ लक्षित रहेको छ।

(२)युवापुस्ताका कम्युनिष्ट कार्यकर्ताहरू जडसूत्रवादिता छोडेर जीवनका लागि सिद्धान्तको मार्गमा लागेका छन्। नेपालमा बाममार्गी राजनैतिक पार्टीले वैचारिक कट्टरता र जडसूत्रवादिता छोडेर गाउँसमाजका जल्दाबल्दा मुद्दालाई समात्न थालेका कारण बाम पार्टीका नेताहरूमा देखापरेको रूपान्तरण यहाँ सङ्केतित छ।

**सन्दर्भसाक्ष्य ५ :कर्मचारीतन्त्र र राजनैतिक सन्दर्भ**

***सन्दर्भसाक्ष्य ५ (क)*** *:* (हाकिम आफ्नो कार्यकक्षमा कुर्सीमा बसेर चियामा चोबेर धमाधम समोसा चपाइरहेको छ। बिपी, प्रवीण र गोलीकान्छा कार्यकक्षमा प्रवेश गर्छन्।

*हाकिम : अर्काको गाउँमा अनुमतिविना जाँदा ठोक्दैनन् ?*

*बिपी : कस्तो कुरा गऱ्या ?मन्त्रीले फोन गऱ्या होइन तपाईंलाई ?*

*हाकिम : खुस्किन लागेको मन्त्रीको कुरा मानेर अर्काको गाउँमा पानी माग्न जाँदा मेरो ढाड खुस्काए भने को जिम्मेवार हुन्छ हँ* (लामा, २०७४) ?

***सन्दर्भसाक्ष्य ५ (ख) :*** प्रजातान्त्रिक शक्तिशाली पार्टीका अध्यक्षको घरमा चुनावको चहलपहल र भोज चलिरहेको छ। बिपी र प्रवीण भएका स्थानमा हाकिम आएर कुरा गर्छ।

*हाकिम : यो संसारमा सबैभन्दा उत्तम व्यवस्था भनेको के हो, थाहा छ ? (प्रविणतिर फर्केर) डेमोक्रेसी ।*

*अनि डेमोक्रेसीको हजुरबाको नाम थाहा छ तपाइँलाई ? (बिपीतिर फर्केर ) थाहा छ ? ब्युरोक्रेसी ।*

*को हो त्यो मन्त्री ? के गर्छ उसले ? म तपाइँहरूको फायल यसरी घुमाइदिन्छु नि ज्वाइँसाहेब । मन्त्रीलेआफ्नो कार्यकाल बितेको पत्तै पाउँदैन* (लामा, २०७४) ।

**सन्दर्भ विवरण र अर्थ :**माथिका दुईवटा भिन्नभिन्न संवादमा सरकारको निर्णय कार्यान्वयन गर्ने कर्मचारीको भूमिका रहेको छ । यहाँ सबै कुरामा मुख्य विषय खानेपानीलाई बनाइएको छ । घडेरी गाउँमा खानेपानीको व्यवस्था गर्नका लागि कामरेड, उसको छोरो बिपी र अन्य सबै युवाहरू पनि लागेका छन् तर कुनै उपाय निस्केको छैन । संवाद (क) मा कुनै वहालवाला मन्त्रीले खानेपानीको योजना अघि बढाउनका लागि नापजाँच गर्न फोन गरिदिएको हुनाले बिपी र उसका साथीहरू हाकिमलाई लिन कार्यकक्षमा पुग्दा ऊ पद खुस्किन लागेको मन्त्रीको कुरा मान्नु कुनै दरकार नभएको भनेर गैरजिम्मेवार कुरा गर्छ । यसरी मन्त्रीले दिएको आदेश र जनताको काम दुवैमा उसको कुनै चासो देखिन्न । संवाद(ख) मा चुनावी भोजमा उपस्थित भएको हाकिमले प्रजातन्त्रको पनि हजुरबाका रूपमा कर्मचारीतन्त्रलाई राखेर कर्मचारीतन्त्र नै राज्य सञ्चालनको मुटु हो भन्ने कुरा अभिव्यक्त गर्छ । कर्मचारीले चाहेका खण्डमा मन्त्रीको केही नचल्ने र कुनै पनि काम वर्षौं अड्काएर दुःख दिन सक्ने भनेर आफ्नो तागतको प्रदर्शन गर्छ । यहाँ मन्त्रीको फोन, खुस्किन लागेको मन्त्री, डेमोक्रेसीको हजुरबा, फायल घुमाउनु र मन्त्रीले कार्यकाल बितेको पत्तै नपाउनु जस्ता पदावली सन्दर्भसूचक बनेर आएका छन् । माथिका दुईवटै राजनैतिक-प्रशासनिक सन्दर्भले निम्न कुरालाई अर्थ्याउँछन् :

(१) नेपालमा कर्मचारीतन्त्रको बोलावाला भएको हुनाले आफ्नो पहुँच नभएका साधारण जनताले कुनै पनि सुविधा लिनका लागि सास्ती खेपिरहेको अवस्था विद्यमान थियो र अहिले पनि ज्युँकात्युँ रहेको छ । जनताको समस्या समाधान गर्न सरकार मात्र होइन, कर्मचारी पनि उदासीन छन् । नेपालमा कर्मचारीतन्त्र भ्रष्ट रहेको र जनमुखी नभएको अवस्था छ । लोकतन्त्रका स्थापनापछिका राजनैतिक तरलताका कारण सरकार अस्थिर रहने र कर्मचारीले मन्त्रीको आदेश पनि नमान्ने र मन्त्रीलाई नटेर्ने प्रशासनिक यथार्थ रहेको थियो । यहाँ त्यही समयको नोकरशाही प्रणालीको प्रतिबिम्ब देखापर्छ ।

(२) कर्मचारीलाई देशको स्थायी सरकार मान्ने प्रणालीका आडमा नेपालमा मन्त्रीहरू योग्य र दुरदर्शी नहुँदा कर्मचारीले देश चलाउने अवस्था रहन्छ । विगतमा मन्त्री र सचिवको टकराब, मन्त्रीलाई कर्मचारीले नटेरेको विद्यमान अवस्था र सरकारले कर्मचारीको भर पर्दा आफ्ना योजनाहरूको कार्यान्वयन गर्न कठिनाइ भएको गुनासो गर्दै सरकारका जिम्मेवार व्यक्तिले दिएका अभिव्यक्ति यसका प्रमाण हुन् ।

**सन्दर्भसाक्ष्य ६ :निर्वाचनको विरोधमा गरिएको आन्दोलनपछि प्रयुक्त सम्भाषण**

*सबै दलको लिखित प्रतिबद्धतापछि हाम्रो आन्दोलन स्थगित भयो । त्यसपछि निर्वाचन सुचारु गरियो । ...निर्वाचनको नतिजासँगै नयाँ सरकार गठन भयो । सरकारले हाम्रो गाउँको खानेपानीका लागि बजेट पनि छुट्यायो । पानीसँगसँगै घरमा नानी पनि आउने भए । हामी सबैको संयुक्त विवाह भयो* (लामा, २०७४) ।

**सन्दर्भ विवरण र अर्थ :**‘छ माया छपक्कै’ चलचित्रको कथा सम्भाषणबाट सुरु भएर सम्भाषणमार्फत् नै समापन भएको छ । चलचित्रमा चरित्रले होइन, पार्श्वबाट बोलिने एकालापलाई सम्भाषण भनिन्छ । कथामा देखाउन नसकिएका तर महत्वपूर्ण विषय र परिस्थितिलाई सम्भाषणले स्पष्ट पार्छ (ढुङ्गेल, २०६७, पृ. ५१)। यस चलचित्रमा प्रारम्भका सम्भाषणमा घडेरी र टोड्के गाउँको अवस्थिति, समस्या तथा त्यहाँ रहेको बेमेल र समापनतिरका सम्भाषणमा राजनैतिक द्वन्द्वको समाधान र राजनैतिक सम्बन्ध र समझदारीको सन्दर्भ रहेको छ । चलचित्रका समापनतिर प्रयुक्त माथिका सम्भाषणमा गाउँमा क्रियाशील सबै दलका बिच लिखित सहमति र निर्वाचनपश्चात् घडेरी गाउँमा खानेपानीका लागि बजेट छुट्याएर पानीको प्रबन्ध गरिएको विषय वर्णित छ । पानीका विषयसँगै बिपी र जलको मात्र होइन, अन्य कामरेडहरूको पनि संयुक्त विवाह भएपछि द्वन्द्वको समाधान भएको छ । यहाँ दलको लिखित प्रतिबद्धता, खानेपानीका लागि बजेट, नयाँ सरकार गठन, संयुक्त विवाह जस्ता पदावलीले सन्दर्भसूचन गरेका छन् ।यस सम्भाषणको सन्दर्भले निम्न अर्थ बोकेको छ :

(१) नेपालमा राजनैतिक दलले कुनै सहमतिको हस्ताक्षर गरे पनि सो कुरा लागू गर्न चाहँदैनन् तर यहाँ सहमतिको कार्यान्वयन गर्नेतर्फ सम्भाषण सङ्केतित छ ।

(२) नेपालमा जनवादी पार्टीमा संयुक्त विवाहको जनवादी परम्परा रहेको छ र त्यो समय, श्रम र खर्चका दृष्टिले तुलनात्मक रूपमा राम्रो छ ।

'छ माया छपक्कै' नामको चलचित्रमा प्रयुक्त पात्रहरूको संवादमार्फत राजनीतिक सन्दर्भहरू अभिव्यक्त भएका छन् । यहाँ प्रकार्ययुक्त संवादबाहेक विभिन्न खालका हाउभाउ र व्यवहारले पनि राजनैतिक सन्दर्भसङ्केत गरेको देखिन्छ । घडेरी गाउँका मानिसहरूको निम्नवर्गीय जीवनस्तर, उनीहरूको निरीहता, पानी बोक्ने पद्धति र घरहरूको आकारप्रकारले नेपालका निम्न र ग्रामीण मानिसको अवस्था देखिन्छ । प्रजातान्त्रिक शक्तिशाली पार्टीका कार्यकर्ताहरूको लुवाइखुवाइ र ठाँटबाँट, पोशाक र खानपान, केन्द्रीय नेता मितबा गाडीमा सरर कुद्नु र चुनावका बखतमा पैसाको खोलो बगाएर प्रचारप्रसामा लाग्नुले पूँजीवादी पार्टीको परम्परा र नेपाली सभ्रान्त वर्गको जीवनशैली बुझाउँछ । कामरेडले लगाएको टोपी र कामरेडले छोरालाई टिका लगाउन नदिनुले क्रान्तिकारी चरित्रका नेपाली कम्युनिष्टहरूको भौतिकवादी नास्तिक जीवनशैलीलाई देखाउँछ । यसबाहेक यहाँको जीवनशैली, परम्परा, भजनकिर्तन तथा अन्य दैनिक जीवनका विविध सन्दर्भ पनि राजनैतिक दृष्टिले अर्थपूर्ण रहेका छन् ।

**निष्कर्ष**

'छ माया छपक्कै' चलचित्रको विषयवस्तु राजनैतिक स्वार्थ, वर्गसङ्घर्ष र त्यसको सामाजिक प्रभावमा आधारित छ । चलचित्रको मुख्य कथ्य राजनैतिक विषयले निर्मित भएको छ । चलचित्रको कथ्यमा थुप्रै राजनैतिक सन्दर्भहरूदेखापर्छन् र तिनीहरू समकालीन राजनैतिक अवस्थाका विविध पक्षको उजागर गर्ने कार्यमा अर्थपूर्ण पनि छन् । गाउँमा प्रगतिशील जनवादी पार्टीको आमसभा र सो कार्य सम्पन्न गर्न युवाहरूले विद्यार्थी हौँ भनेर व्यापारीहरूसँग उठाएको चन्दा प्रकरण, सरकारको निर्णय कार्यान्वयन गर्ने कर्मचारीको गैरजिम्मेवारीपन र समाजमा त्यसको असर, प्रजातान्त्रिक शक्तिशाली पार्टी र प्रगतिशील जनवादी पार्टीका बीचमा रहेको तिक्त सम्बन्ध, पुरानो पुस्ताको राजनैतिक कट्टरता र मेरो गोरुको बाह्रै टक्का, चुनाबका बेला भएको राजनैतिक प्रलोभन र यसको प्रभाव तथा नयाँ पुस्ताका पार्टी कार्यकर्तामा रहेको नयाँ दृष्टिकोण र मेलमिलाप जस्ता राजनैतिक सन्दर्भहरू चलचित्रमा प्रयुक्त भएका छन् ।

चलचित्रमा एक दशक लामो जनयुद्धपश्चात् शान्ति प्रक्रियामा आएको नेकपा माओवादी पार्टीको लोकप्रियता र पार्टीभित्र र आम जनताबाट गरिएको सुन्दर भविष्यको आकलनको सन्दर्भ र नेपालमा कम्युनिष्ट पार्टीले देखेको नयाँ नेपालको सपना जनतामा लोकप्रिय भइरहने अधिकल्पनाको प्रतिच्छाया देखिन्छ । यहाँ उक्त पार्टीको गरेको १० वर्ष लामो सशस्त्र विद्रोह, विस्तृत शान्तिसम्झौता र

वि.सं २०६४ सालमा सम्पन्न पहिला संविधान सभाका निर्वाचनमा सहभागिता र उपलब्धिको सन्दर्भसङ्केत रहेको छ । चलचित्रले २०६० को दशकका राजनैतिक पार्टीहरूको आर्थिक सहयोग सङ्कलनको तरिका र नेपाली समाजमा भएको आलोचनाको विषय उठाएको छ। यहाँ नेपाली विद्यार्थी राजनीतिको स्वरूप, राजनैतिक दलहरूको उपभोक्तावादी चरित्र, पूँजीवादी पार्टीको सत्तालोलुपता, दमन र हेपाहा प्रवृत्ति तथा जनवादी पार्टीका कार्यकर्ताको क्रान्तिकारी र कट्टर स्वभावका माध्यमबाट वि.सं २०६३ पछिको नेपाली राजनीतिको एक दशकका विविध घटनाक्रमलाई परिलक्षित गरिएको छ। कथामा नायक रहेको बिपीका साथमा जननेता विश्वेश्वरप्रसाद कोइरालाको जेलजीवन र विजयको सन्दर्भ पनि यहाँ स्पष्ट हुन्छ। यस्ता सन्दर्भले नेपालको समकालीन राजनैतिक संस्कार, सङ्क्रमणकालीन अवस्था, दलीय खिचातानी र त्यसको असर एवम् भ्रष्टाचारयुक्त शासन प्रणालीलाई द्योतन गर्छ। नेपालको कर्मचारीतन्त्रको ढिलासुस्ती र अटेरी प्रवृत्तिका सन्दर्भले लोकतन्त्रका स्थापनापछिको राजनैतिक तरलताका कारण सरकार अस्थिर रहने र कर्मचारीले मन्त्रीको आदेश पनि नमान्ने र मन्त्रीलाई नटेर्ने प्रशासनिक यथार्थलाई प्रस्तुत गर्छ।

निष्कर्षतः चलचित्रका यी सन्दर्भले २०६३ सालपछिको नेपाली राजनीतिका अस्थिरता, द्वन्द्व, विद्रोह तथा दलगत स्वार्थका कारण भएको असमझदारीलाई प्रतिबिम्बन गर्छन् । यसका साथै समकालीन बाम राजनीतिमा युवा पुस्ताको रूपान्तरण, दलहरूबीच सहमति र मेलमिलापको चाहनासमेत यहाँ अभिव्यक्त भएको छ। चलचित्रका सन्दर्भले समकालीन नेपालको भ्रष्ट र गैह्रजिम्मेवार कर्मचारी प्रशासन र यसबाट जनताले पाएको सास्तीलाई उदाङ्गो पारेका छन् । यहाँका राजनैतिक सन्दर्भको मुख्य आशय समकालीन राजनैतिक संक्रमणकालीन अवस्था र भ्रष्टाचरण, केन्द्रीकरणयुक्त शासन प्रणाली र यसका कारण भएको क्षेत्रीय विभेदको उद्घाटन गर्नु रहेको छ। यस्ता सन्दर्भमार्फत चलचित्रमा समकालीन राजनैतिक तरलता र खराब प्रजातान्त्रिक आचरण सशक्त रूपमा प्रतिबिम्बित भएको छ।

## सन्दर्भसामग्री सूची

के.सी., सुरेन्द्र (२०७८, माघ २१ गते ), जनता जान्न चाहन्छन्, प्राइम टी.भी. (अन्तर्वार्ता)।

गौतम, देवीप्रसाद (२०६८), सङ्कथन विश्लेषण, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)*, (पृ. ५७१-५९१), रत्न पुस्तक भण्डार।

ढुङ्गेल, माधव (२०६७), *चलचित्र सिद्धान्त*, बुद्ध एकेडेमिक पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि.।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग*, विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, रमेशप्रसाद (२०६८), चलचित्र सिद्धान्त,राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (संम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड)*, (पृ. २६०-२७३),रत्न पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८),*भाषाविज्ञान,* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लामा, दिपेन्द्र (२०७४), *छ माया छपक्कै*,[आमा अग्निकुमारी मिडिया], युट्युब,https://www.youtube.com/watch?v=JvTaYFnFInY

शर्मा, लक्ष्मीनाथ (२०६७),*चलचित्र कला : सिद्धान्त, शैली र प्रवृत्ति,* जगदम्बा प्रकाशन ।

सायमी, प्रकाश (२०६१),*चलचित्र : कला र प्रविधि,* पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टर ।

सुवेदी, कमल (२०७९,असार २५ गते), नेपाली सिनेमा हिजो र आज,*गोरखापत्र,* ए१, गोरखापत्र संस्थान ।

सुवेदी, राजेन्द्र (२०६९),*चलचित्र सिद्धान्त र नेपाली चलचित्र,* कञ्चन प्रिन्टिङ प्रेस ।

Baker, P. & Eliece, S. (2011). *Key Terms in Discourse Analysis.* Continuum.

Michael, M. (1991). *Discourse Analysis forLanguage Teacher.* Cambridge University Press.

Van Dijk, T.A. (2001). Critical Discourse Analysis. *The Hand Book of Discourse Analysis (Edited by Deborah Schiffrin, Debora Tannen and Heidi E. Hamilton).* Black Well Publisers.